मिति: २०८१।०४।३०
समय: बिहान ११:०० बजे

बैठक नं. ०२/२०८१/०८२

आज मिति २०८१ साउन ३० गते बुधबारका दिन महाकुलुङ गाउँपालिका, गाउँ कार्यपालिकाका अध्यक्ष श्री सुर्य बहादुर कुलुङज्यूको अध्यक्षतामा देहायका पदाधिकारीज्यूहरुको उपस्थितिमा बैठक बसी तपशिल अनुसारका प्रस्ताव उपर छलफल गरि निर्णय गरियो ।

उपस्थिति

| क्र.सं. | नाम,थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री सुर्य बहादुर कुलुङ | अध्यक्ष | |
| २ | श्री बिपना कुलुङ | उपाध्यक्ष | |
| ३ | श्री पर्खिधन राई | वडा अध्यक्ष (वडा नं. १) | |
| ४ | श्री प्रदिप राई | वडा अध्यक्ष (वडा नं. २) | |
| ५ | श्री दुर्गा बहादुर राई | वडा अध्यक्ष (वडा नं. ३) | |
| ६ | श्री सरस्वती राई | वडा अध्यक्ष (वडा नं. ४) | |
| ७ | श्री महलसिं राई | वडा अध्यक्ष (वडा नं. ५) | |
| ८ | श्री सिद्धिमनि राई | कार्यपालिका सदस्य | |
| ९ | श्री सिता माया वि.क. | कार्यपालिका सदस्य | |
| १० | श्री चस्मिता वि.क. | कार्यपालिका सदस्य | |
| ११ | श्री निर कुमारी राई | कार्यपालिका सदस्य | |
| १२ | श्री शारदा कुलुङ | कार्यपालिका सदस्य | |
| १३ | श्री दौलित कुलुङ | कार्यपालिका सदस्य | |
| १४ | श्री नविन कुमार गोले | सचिव | |

आमन्त्रित

| क्र.सं. | नाम,थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री खरिधन राई | प्रशासकीय अधिकृत | |
| २. | श्री नारायण काजी बस्नेत | लेखा अधिकृत | |
| ३. | श्री झमक ब कटुवाल | शिक्षा अधिकृत | |
| ४. | श्री हरिलाल कुलुङ | प्रशासन सहायक | |
| ५. | श्री जीवन राई | आ.ले.प. सहायक | |
| ६. | श्री प्रमिना कुलुङ | कार्यालय सहयोगी | |

प्रस्ताव तथा निर्णयहरु

| नि.नं. | प्रस्ताव | निर्णय |
|---|---|---|
| १. | संघीय सशर्त पँजीगत तर्फको पर्यटन पुर्वाधार विकास आयोजनाको बजेट सम्बन्धमा । | महाकुलुङ-५ को पोम्लालुङ गुफा संरक्षण र महाकुलुङ-२ ओगेन छोलीङ गोन्पा गुम्बा निर्माणका लागि संघीय सशर्त पुँजीगत अन्तरगत एकमुष्ट ९० लाख बजेट विनियोजन भएकोमा महाकुलुङ-५ को पोम्लालुङ गुफा संरक्षणका लागि रु ४५ लाख र महाकुलुङ-२ ओगेन छोलीङ गोन्पा गुम्बा निर्माणका लागि रु ४५ लाख बजेट बाँडफाँड गरि कार्यान्वयन गर्ने । |
| २. | महाकुलुङ प्राथमिक अस्पतालको मेडिकल अफिसर व्यवस्थापन सम्बन्धमा । | महाकुलुङ प्राथमिक अस्पतालको मेडिकल अफिसर रिक्त भएकाले आवश्यक प्रक्रिया पुरा गरि मेडिकल अफिसरको पदपूर्ति गर्न कार्यालयलाई अनुमती/निर्देशन दिने । |

मितिः २०८१।०४।३०

समयः बिहान ११:०० बजे

बैठक नं. ०२/२०८१/०८२

| | | |
|---|---|---|
| ३. | सामुदायिक आँखा उपचार केन्द्र संचालन सम्बन्धमा । | सम्झौता बमोजिम सम्बन्धित निकायसँग समन्वयमा आवश्यक जनशक्तिको पदपूर्ति गरि सामुदायिक आँखा उपचार केन्द्र महाकुलुङ, प्राथमिक अस्पताल मातहत हुने गरी संचालनमा ल्याउने । |
| ४. | महाकुलुङ प्राथमिक अस्पतालमा फर्निचर व्यवस्थापन सम्बन्धमा । | प्राविधिक प्रतिवेदन सहित लागत अनुमान पेश गर्न प्राविधिक शाखा र स्वास्थ्य शाखालाई निर्देशन दिने । |
| ५. | बाटो सरसफाई तथा मर्मत संभार सम्बन्धमा । | गाउँपालिका अध्यक्ष, वडा अध्यक्षहरु सबै र प्रशासकीय अधिकृत श्री खरिधन राईको संयुक्त समन्यय र निर्णयमा प्राविधिक प्रतिवेदन, फोटोहरुका लागि संगसगै प्राविधिक खटिने गरि ब्याक हो लोडर संचालन शिर्षकमा रहेको रकमबाट खर्च हुने गरि ५ वटै वडाहरुको बाटो सरसफाई तथा मर्मत संभार गर्न कायदिश दिने । |
| ६. | शिक्षक सहयोग अनुदान वितरण सम्बन्धमा । | आर्थिक वर्ष २०८१/०८२ का लागि सङ्घीय सरकारबाट स्थानीय तहमा वित्तीय हस्तान्तरण भई आएको कार्यक्रम क्रियाकलापन नं. २.७.१३.४१ मा आधारभूत तह कक्षा (६-८) मा अंग्रेजी, गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान शीर्षकमा जम्मा २७९९ हजार बजेट उपलब्ध गराइको र उक्त बजेट कार्यान्वयन गर्नका लागि शिक्षण सिकाइ अनुदान व्यवस्थापन कार्यविधि, २०७७ तथा कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१/०८२ मा भएको व्यवस्था बमोजिम आधारभूत तह (कक्षा ६-८) सञ्चालन भई शुन्य दरबन्दी भएका विद्यालय श्री जनसुधार आधारभूत विद्यालय, महाकुलुङ गाउँपालिका-३ र श्री पात्ले आधारभूत विद्यालय, महाकुलुङ गाउँपालिका-१ लाई गणित/अंग्रेजी/विज्ञान विषय मध्ये कुनै एक विषयको लागि १ जना बराबरको शिक्षण सहयोग अनुदान विद्यालय व्यवस्थापन समितिको निर्णयमा विद्यालयको आवश्यकता अनुसारको विषयमा अनुदान उपलब्ध गराउने । |
| ७. | ऐच्छिक विषय पठनपाठनको अनुमति सम्बन्धमा । | छेस्काम माध्यमिक विद्यालयको प. सं. २०८१/०८२, च. नं. ८, मिति २०८१/०४/१९ गतेको प्राप्त पत्रानुसार उक्त विद्यालयमा कक्षा ११ र १२ मा तपसिलका ऐच्छिक विषयहरु पठनपाठनका लागि अनुमति दिने ।<br>तपसिलः<br>विषय — कोड नं.<br>Education and Development — 2041<br>Business Studies — 2116<br>Accounting — 1041<br>Economics — 3041 |
| ८. | वैकल्पिक उम्मेदवार सिफारिस सम्बन्धमा । | महाकुलुङ गाउँपालिकाबाट गाउँपालिका अनुदान शिक्षक प्रावि तह (श्रेणिविहिन) शिक्षकका लागि मिति २०८१/०४/२४ गते लिईएको परीक्षाको वैकल्पिक उम्मेदवार श्री लक्ष्मी राईलाई श्री चोमोलुङ्मा आधारभूत विद्यालय, महाकुलुङ गाउँपालिका-२ मा रिक्त रहेको पालिका अनुदान कोटामा नियुक्ति गर्न कार्यालयलाई अनुमति दिने । |
| ९. | सरुवा सहमति तथा प्रदेश लोकसेवामा माग गर्ने सम्बन्धमा | संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट विभिन्न मितिमा कामकाजमा गई फिर्ता आउन नचाहने सबै कर्मचारीहरुलाई सरुवा सहमती |

नविन कुमार गौतम
प्रमुख प्रशासकीय अधिकृत

मिति: २०८१।०४।३०
समय: बिहान ११:०० बजे

बैठक नं. ०२/२०८१/०८२

| | | |
|---|---|---|
| | | दिने । साथै उक्त रिक्त पदहरुका लागि प्रदेश लोकसेवामा माग गर्ने । |
| १०. | प्रमुख प्रशासकीय अधिकृत सम्बन्धमा । | यस गाउँपालिकामा कार्यरत प्रमुख प्रशासकीय अधिकृत श्री नविन कुमार गोले (क.सं.नं.२४४९५१) को कार्यसम्पादन सन्तोषजनक भए पनि पारिवारिक कारणले सरुवा भई जान ईच्छुक भई सरुवाका लागि निवेदन समेत पेस भएकाले यस कार्यालयका बरिष्ठ कर्मचारी प्रशासकीय अधिकृत (अधिकृत सातौं) श्री खरिधन राई (क.सं.नं.२४३५४६) लाई अर्को व्यवस्था नहुञ्जेललाई आर्थिक अधिकार सहितको निमित्त प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी दिन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई अनुरोध गर्ने/लेखी पठाउने । |
| ११. | शवबाहन खरिद सम्बन्धमा । | महाकुलुङ गाउँपालिकालाई यसै आव २०८१।०८२ मा महाकुलुङ प्राथमिक अस्पताल बुङ सोलुखुम्बुको नाममा १ थान शबवाहन पालिकामा आवश्यकता भएको हुँदा श्री गौरीशंकर हाईड्रोपावर कम्पनी र एपेक्स पावर कम्पनी लिमिटेडलाई खरिद गरिदिनका लागि अनुरोध गर्ने । |
| १२. | शवबाहन खरिद सम्बन्धमा । | महाकुलुङ गाउँपालिका अन्तर्गत महाकुलुङ प्राथमिक अस्पताल बुङ सोलुखुम्बुलाई १ थान शवबाहन आवश्यक भएको हुँदा सो शव वाहन खरिद गरि यस क्षेत्रलाई विभिन्न समयमा हुने दर्घटनाहरुबाट भएका मानवीय क्षतिहरुको व्यवस्थापनलाई सहज गरि सेवा दिन आवश्यक देखिएको हुँदा भन्सार छुटका लागि सिफारिस गरि दिनका लागि स्वास्थ्य कार्यालय फाप्लु सोलुखुम्बुलाई अनुरोध गर्ने । |
| १३. | सुत्केरी विदा सट्टा शिक्षक सम्बन्धमा । | महाकुलुङ गाउँपालिकाको शिक्षा ऐन, २०७५ दोस्रो संशोधन २०८० को दफा २१ को उपदफा ५ मा भएको व्यवस्था बमोजिम. श्री महाकुलुङ आधारभूत विद्यालय, महाकुलुङ गाउँपालिका-३ बाट मिति २०८१/०४/२० गतेको प्राप्त पत्रानुसार सुत्केरी स्याहार विदा अवधिका लागि सट्टा शिक्षक व्यवस्थापन गर्ने । |
| १४. | डाआई झोपु संरक्षण वापतको रकम भुक्तानी सम्बन्धमा । | स्वीकृत लागत अनुमान, प्राविधिक प्रतिवेदन र आवश्यक बिल, भर्पाई तथा डोरहाजिरी तथा वडा कार्यालयको सिफारिसका आधारमा विपद व्यवस्थापन कोषबाट भुक्तानी गर्न कार्यालयलाई निर्देशन दिने । |
| १५. | कुलुङ भाषाको शिरिजंगा लिपि प्रचलनमा ल्याउने सम्बन्धमा । | गाउँपालिका वा गाउँपालिका मातहतका सबै सरकारी कार्यालयहरुको लेटरप्याडमा कुलुङ भाषाको शिरिजंगा लिपि प्रचलन गर्ने/गराउने । |
| १६. | विद्यालयको नाम संशोधन सम्बन्धमा । | महाकुलुङ गाउँपालिका वडा नं. २ बुङमा सञ्चालित संस्थागत विद्यालय हुंगा भ्याली आवाशिय पाठशालाको नाम संशोधन गरि हुंगा भ्याली अंग्रेजी पाठशाला कायाम गरी संचालन गर्न अनुमती दिने । |
| १७. | प्रशासनिक घुम्ती सेवा संचालन सम्बन्धमा । | मिति २०८१।०५।१० र ११ गते दुई दिन काठमाडौमा घुम्ती शिविर संचालन गर्ने । |
| १८. | प्राविधिक कर्मचारी सम्बन्धमा । | रिक्त रहेको प्रावधिक कर्मचारी आवश्यकताको आधारमा दरबन्दी अनुसार पदपूर्ति गर्न कार्यालयलाई अनुमती दिने । |

नविन कुमार गोले
प्रमुख प्रशासकीय अधिकृत